नेपाल सरकार

**शिक्षक सेवा आयोगको अत्यन्त जरुरी सूचना**

यस आयोगले शिक्षा ऐन २०२८ को आठौं र नवौ संशोधन बमोजिम अस्थायी शिक्षकहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी क्रमशः २०७३।१२।१९ र २०७४।०७।२३ मा विज्ञापन⁄सूचना प्रकाशन गरेको विदितै छ । आयोगको सो विज्ञापन⁄ सूचना बमोजिम पर्न आएका दरखास्त फारामहरुको रुजु, छानविन तथा प्रवेशपत्र वितरण कार्य सम्बन्धित साविक जिल्ला शिक्षा कार्यालयहरुबाट हुंदै आएको छ ।

यसै सन्दर्भमा आयोगमा दरखास्त पेश गरेका केही उम्मेदवारहरुले झुठा विवरण वा कागजात पेश गरी वा आफुसंग भएका कागजात लुकाई छिपाई आफु प्रतिस्पर्धा गर्न अयोग्य विज्ञापन नम्बरको दावी गरेको उजुरी आयोगमा परेको विषयमा यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

कुनै उम्मेदवारले दरखास्त फाराममा गलत विवरण उल्लेख गरी वा सत्य तथ्य विवरण लुकाई छिपाई प्रतिस्पर्धा गर्न नपाउने विज्ञापनको सुविधा वा लाभ लिनु प्रचलित नेपाल कानुन बमोजिम गैर कानूनी हुने भएकोले सो कार्य जुनसुकै वखत वखत जानकारी हुन आएमा रद्द हुने र प्रचलित कानून बमोजिम सजायको भागीदार समेत हुनुपर्ने भएकोले सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।